६९. **<u>वातावरण संरक्षण ऐन, २०७६ मा संशोधन</u>** : वातावरण संरक्षण ऐन, २०७६ को,-

(१) दफा ११ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित वन क्षेत्रको क्षेत्रफल वा कटान हुने रुख सङ्ख्या दश प्रतिशतसम्म घटेको वा बढेको भएमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने छैन। यसरी वन क्षेत्रको क्षेत्रफल वा कटान हुने रुखको सङ्ख्या घटेको वा बढेकोमा प्रस्तावकले सोको लिखित जानकारी सम्बन्धित निकायलाई दिनु पर्नेछ।"

(२) दफा १२ को ठाउँ ठाउँमा रहेको "मन्त्रालय" भन्ने शब्दको सट्टा "विभाग" भन्ने शब्द राखिएको छ।

(३) दफा २२ को उपदफा (४) को,-

(क) खण्ड (क) मा रहेका "बीस हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "बिस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ख) मा रहेका "पन्ध्र हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ४१ को उपदफा (२) मा रहेका "महानिर्देशकले" भन्ने शब्दको सट्टा "विभागको महानिर्देशकले" भन्ने शब्दहरू राखिएका छन्।